# सिस्ने गाउँसभाको बैठकमा
# उपाध्यक्ष श्री गोपाल रेउलेबाट प्रस्तुत
# सिस्ने गाउँपालिकाको आ.व. २०८१।८२ को
# वार्षिक आय व्यय विवरण

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)

२०८१।०३।१०

**अध्यक्ष महोदय**

**सभामा उपस्थीत सभासद ज्युहरु**

सिस्ने गाउँपालिकाको गरिमामय यस सभामा आ.व. २०८१।८२ को वार्षिक वजेट प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरिरहेको छु । यस ऐतिहासिक अवसरमा सर्वप्रथम म देशको आमूल परिवर्तनका लागि नेपाली जनताले विभिन्न कालखण्डमा गरेका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने शहीदहरु प्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।राजनैतिक सामाजिक परिवर्तनमा नेतृत्वदायि भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

लोकतन्त्रको आधारस्तम्भको रुपमा रहेको स्थानीय सरकारको गठन पस्चात संघीयता कार्यान्वयन र लोकतन्त्र संस्थागत हुनुका साथै स्थानीय स्तरको मागमा आधारित विकास र शासन सञ्चालनमा जनता आफै प्रत्यक्ष सहभागी हुने अवसर प्राप्त भएको छ।यसर्थ हाम्रो वर्तमान जटिल एवं चुनौतिपूर्ण भएतापनि हाम्रो भविष्य उज्वल र सम्भावनायुक्त छ।विगतको केन्द्रिकृत र एकात्मक शासन व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका असमानता, उत्पिडनहरुको अन्त्य गर्दै सबैको समान र अर्थपूर्ण सहभागिता सुनिश्चित गरी दिगो आर्थिक विकास गर्दै सबै सिस्ने बासी जनताको मुहारमा खुशी ल्याउन हाम्रो सरकारको भूमिका अत्यन्त महत्वपूर्ण हुने मैले ठानेको छु हाम्रो विकासका लागि हामी आफैले छनौट गर्ने र कार्यन्वयन पनी आफै गर्ने संवैधानिक रुपमा अधिकार सम्पन्न भएकाले पनि स्थानीय तहको सरकारलाई साधन स्रोतले सम्पन्न बनाउन आवश्यक छ। यतिवेला नवीनतम सोच र अधिकतम प्रयासले स्थानीय तहको जग बलियो बनाउने अवसरको रुपमा पनि लिइएको छ।

**अध्यक्ष महोदय,**

नेपालको संघीय शासन प्रणालीलाई सुदृढ गर्न स्थानीय तहको शासन सञ्चालन तथा विकास निर्माणमा प्रत्यक्ष रुपमा आफै सहभागी हुन पाउने गरी ऐतिहासिक रुपमा अधिकार सम्पन्न भएका छौं । यस अर्थमा राजनैतिक क्षेत्रमा हामीले ऐतिहासिक फड्को मारेका छौं । राजनैतिक प्रणालीप्रति नागरिकको भरोसा पुनस्थापित भएको छ । अबको बाटो जनचाहना अनुरुपको विकास निर्माण र दिगो तीव्र आर्थिक वृद्धि र समतामूलक वितरण सहितको आर्थिक विकास गरी देशलाई समुन्नत बनाउनु हो । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा सदुपयोग गरी संविधान र जनचाहना अनुरुप आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निर्माण गर्ने स्वस्थ प्रतिस्पर्धात्मक अर्थ व्यवस्था हाम्रो प्रस्थान बिन्दु हो भने समाजवाद उन्मुख अर्थतन्त्र हाम्रो गन्तव्य हो । नेपालको संविधानले निर्दिष्ट गरेका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, पन्ध्रौ योजनाले परिलक्षित गरेका उद्देश्यहरु तथा दिगो विकासका लक्ष्यहरु हासिल गरी सन् २०३० सम्म नेपाललाई मध्यमस्तरीय आय भएको मुलुकमा स्तरोन्नती गर्ने मुलुकको लक्ष्यलाई आधार मानी यस गाउँपालिकामा पनि स्थानीय परिवेश सुहाउँदो बजेट तथा योजना निर्माण गर्नुपर्ने अवस्था छ, सोहिअनुरुप आ ब २०८१।८२ को बजेट विनियोजन गरिएको छ ।

**अध्यक्ष महोदय,**

संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासकीय स्वरुपमा राज्यको पुनःसंरचना हुंदा सात प्रदेश र सात सय त्रिपन्न स्थानीय सरकारको गठन भएको हो। लुम्बिनी प्रदेशको हिमाली जिल्लामा गणना हुने रुकुम पुर्व नेपालको राजनैतिक नक्सामा कान्छो जिल्लाको रुपमा परिचित छ। रुकुम पुर्व जिल्लामा जम्मा तीन गाउँपालिका छन । ती मध्ये एक सिस्ने गाउँपालिका हो । सिस्ने गाउँपालिका साविकको सिस्ने, रुकुमकोट, स्यालापाखा, पोखरा र प्वाङ गाउँ विकास समिति मिलाएर गठन भएको छ । यस गाउँपालिकामा जम्मा ८ वडा रहेका छन, भौगोलिक वनावटका हिसाबले यस पालिकामा हिमाली र उच्च पहाडी भुधरातल रहेको छ, यस पालिकाको केन्द्र रुकुमकोट हो । यही रुकुमकोट रुकुम पुर्व जिल्लाको सदरमुकाम पनि हो, रुकुमकोटको भुवनोट तथा यहाँ रहेका कमलदह लगायतका विभिन्न दह र पोखरी समेतको विशेषता झल्काउदै ५२ पोखरी ५३ टाकुरीको रुपमा पनि रुकुमकोटले ख्याती कमाएको छ। यही तथ्यका आधारमा साविकमा सिङ्गो रुकुमलाई ५२ पोखरी ५३ टाकुरीको जिल्ला भनेर जानिन्थ्यो।

**अध्यक्ष महोदय**

**हाम्रासामु खडा भयका सवालहरु**

सिस्ने गाउँपालिकाका जनताको जिवन धान्ने मुख्य आधार कृषि हो । मकै, गहुँ र जौं यहाँका प्रमुख अन्नवाली हुन् । मुख्य दलहनको रुपमा सिमि, भटमासको उत्पादन हुन्छ, तरकारीको रुपमा उत्पादन हुने आलु, प्याज, टमाटर, बन्दा, काउली छन यस मध्य सिमि, भटमास र आलु फुटकर रुपमा बिक्रीका लागी पालिका बाहिर पनि निकासी हुन्छ, अचार बनाउन प्रयोग हुने भाङोको उत्पादनल हाम्रो पालिकामा राम्रो हुने भएकाले उत्पादनमा प्रोत्साहन र बिकृका लागी सहजीकरण गर्न सके कृषकलाई आम्दानी गर्ने अवसर प्रसस्त छ ।

मानिसका लागी दधु, दही, मही र घ्यूको घरायसी आवश्यकता परिपूर्ति गर्न र खेतवारीमा चाहिने मलका निम्ति गाई, भैसी, भेडा, बाख्रा, कुखुरा पालन गरिन्छ । पशुपालन गर्ने चलनलाइ ब्यबसाइक बनाउन नसक्दा यो ब्यबसाय घट्दै गरेको देखिन्छ । कृषि व्यवसायमा संलग्न किसानहरुको सम्भावना हुदा पनी आम्दानीको स्रोत कृषि व्यवसाय बन्न सकेको छैन । सिस्ने गाउँपालिकाको केन्द्र रुकुमकोट जिल्लाको समेत सदरमुकाम भएकाले शहरीकरण तर्फ उन्मुख भैरहेको छ । पालिकाका अन्य सवै भभूाग ग्रामीण परिवेशको छ । त्यसैले यहाँ जे जति उद्योग छन् सवै घरेलु तथा साना उद्योगको रुपमा छन । भेडाको उनबाट कम्बल बनाउने सीप एवं फलामका भाडाकुडा बनाउने परम्परागत सिप पुस्तान्तरण हुदै आएको देखिन्छ । सदरमुकाममा फर्निचर उद्योग फस्टाउदै गएको छ। कुटानी पिसानीका लागी मिलहरु संचालनमा छन् । यसबाट आम्दानी र रोजगारीका अवसरहरु प्राप्त भएको छ र पनि ब्यबसायीक हुन सकेको छैन । सिस्ने हिमाल, सानी भेरी नदी र कमल दह, सिस्ने गाउँपालिकाका विशिष्ट प्राकृतिक सम्पदा हुन् । देउराली गुफा, गुप्ता दह, पोखराको तातोपानी, ठंटी डाडा, नौधारी झरना, नेटा पार्क, तिमिले लेक, तीन वैनी लेख, लुस्पा सप्तऋषि धारा लगायत

प्रकृतिले दिएका थुप्रै सम्पदा यस पालिकामा छन । प्रकृतिका यी सुन्दर, र लोभलाग्दा सम्पदा तथा बिभिन्न कला सस्कृति पर्यटन व्यवसायका लागी विराट सबभावना हुन । यस पालिकाले ठुलो संख्यामा पर्यटक भित्र्याउन सक्ने सम्भावना छ, हाम्रा ठुला शहरहरु पोखरा बाट मध्यपहाडी लोकमार्गहुदै तथा भैरहवा बुटवल बाट दाङ्ग रोल्पा हुदै रुकुमकोट त्यसपछी पैदल यात्रा गुप्तादह सिस्ने डोल्पा हुदै रारा सम्म जोडदा पर्यटकहरु बढने देखीन्छ । यसको स्टेसन रुकुमकोट हुदा सदरमुकाममा होटेल व्यवसाय र ग्रामिण क्षेत्रमा होम स्टेका माध्यमबाट ब्यबसायीको आयश्रोत बढने सम्भावना छ यसले स्थानीय रोजगारी सिर्जनामा मद्दत गर्ने देखिन्छ ।

गाउँपालिका भित्रको शिक्षाको अबस्ता मापन गर्ने आधार राष्ट्रिय स्तरका साक्षारता डाटाहरु, राष्ट्रिय परिक्षा तथा जिल्ला स्तरीय परीक्षा नतिजाका डाटाहरु हुन । अहिले साक्षरतादर तुलना गर्दा जिल्लाको भन्दा पालिकाको साक्षरता दर राम्रो रहेको पाइन्छ । नेपालको ७६.२ प्रतिसत लुम्बिनी प्रदेशको ७८.१ प्रतिसत छ भने सिस्ने गाउपालिकाको ७५.६ प्रतिसत छ पछील्लो समय सिस्ने गाउँपालिकामा बिध्यार्थी उतिर्ण प्रतिसत कम देखीन्छ । सिस्ने गाउपालिकामा सामुदायिक विद्यालय तर्फ माध्यामिक तहका विद्यालयको संख्या ९, आधारभतू विद्यालयको संख्या ३१ बालबिकास मात्र चलेका ३ निजि क्षेत्रका विद्यालयहरु मध्ये मा वि तहको १ र आधारभतू तहको ३ रहेका छन । गाउपालिकाको रेकर्डअनुसार ६१९० बिद्यार्थी संङ्खा छन भने ३१३ जना शिक्षक कर्मचारी कार्यरत छन । यस पालिकामा एउटा स्नातकोत्तर सम्म पठन पाठन हुनक्याम्पस संचालित छ ।

सिस्ने गाउँपालिकाको औषत आयु ६६.५ वर्ष रहेको छ । पुरुषको सरदर आयु ६८ वर्ष र महिलाको सरदर आयु ६५ रहेको छ । यस पालिकामा बाल बिबाह बाल मृत्यु दर बढी देखीन्छ भने अन्य श्वास्थ्य सुचकहरु सन्तोस जनक छन । सिस्ने गाउपालिका भत्र ५० शैयाको प्रदेश सरकार मातहतमा संचालित एउटा अस्पताल छ । पालिका स्तरीय १५ शैयाको अस्पताल निर्माधिन छ । ५ वटा इलाका स्वास्थ्यचौकी र **वडा स्तरमा एक एक वटा स्वास्थ्य केन्द्र** रहेका छन । मातृशिशु स्वास्थ्यको जिम्मेवारी बहन गरिरहेका महिला स्वास्थ्य स्वयंसेविकाको संख्या ४२ रहेको छ । हामीलाई श्वास्थ्य सुचकहरु सुधारमा यातायात नपुगेको तथ छरिएर रहेको बस्ती समस्या बनेको छ । यसका लागी ७९ जना स्थाइ तथा करार कर्मचारी कार्यरत छन। सिस्ने गाउँपालिकामा धाराबाट वितरण गरिएको खानेपानीको सुविधा ९१ प्रतिशत घरपरिवारलाई उपलब्ध छ । सिधै पानीको मुलबाट खानेपानी प्रयोग गर्ने घर परिवार ६ प्रतिशत छ । नदीखोलाको पानी खाने घरपरिवार साढे दुई प्रतिशत छ । अन्य श्रोतबाट खानेपानी उपभोग गर्ने परिवार आधा प्रतिशत रहेको देखिन्छ । सिस्ने गाउपालीका भित्र धाराको पानी कतै बित्तीय रुपमा महङ्गो छ भने कतै सुरक्षीत खाने पानी पुर्यउन कठीन भैरहेको छ ।

अहिले सिस्ने गाउँपालिकाको केन्द्र रुकुमकोटबाट छिमेकी पालिका, जिल्ला तथा प्रदेश एवं संघीय राजधानी सम्मको सडक पहुच स्थापित भएको अवस्था छ। नियमित रुपमा यातायात चलेका छन। यस प्रयोजनमा मध्यपहाडी लोकमार्ग लाईफ लाईन भएको छ। ६ वटा वडामा कच्ची सडक सन्चालनमा आए पनि २ वटा वडामा सडक पुर्याउन सकियको छैन।

पहाडी भुधरातल भएका स्थानमा यात्राको दुरी कम गर्न झोलुङ्गे पलु अत्यन्त महत्वपूर्ण उपाय हो। सिस्ने गाउपालिकामा जम्मा २४ वटा झोलुङ्गे पुल तथा ७ वटा ट्रस्ट पुल प्रयोगमा छन्। पहाडी जमिनमा पैदल यात्रा आवस्यकता र रहर दुवै कारणले आवश्यक भै रहने भएकाले झोलङ्गेपुलको आवस्यकता र महत्व कायम रहन्छ। हाम्रा केही ठाउ पुल बन्न बाकी छन।

विद्युतको प्रयोगले आधुनिक जिवनको महसुस गराउँदछ। सिस्ने गाउपालिकामा विद्यत् सेवा उपलब्ध छ। केन्द्रीय लाइनबाट, साना जलविद्युत र सौर्य उर्जाको प्रयोग गरेर सवै घर बस्तीमा उज्यालो पुगेको छ। हाल सम्म ९० प्रतिशत जनताको घरमा विजुली वत्ती वलेको छ। विद्युत् तथा उर्जाको प्रयोग उज्यालोका निम्ति नभएर उत्पादनका निमित्त पनि अपरिहार्य भएकाले घरेलु तथा साना उद्योगका निमित्त बिजुलीको माग बढ्दो छ।

सिस्ने गाउँपालिकाको केन्द्र रुकुमकोट जिल्ला सदरमुकाम समेत भएकाले यहा सार्वजनिक भवन तथा निजि आवास भवनहरु निर्माण भई रहेका छन्। रुकुमकोट शहर उन्मुख रुपमा रुपान्तरण हुदैछ। रुकुमकोटको शहरी विकास गुरुयोजना तयार भएको छ। सोही अनुसार रुकुमकोटलाई विकास गर्दै लगिने छ। वडाकेन्द्रहरु जराधार तहका आर्थिक वृद्धि केन्द्रको रुपमा विकास हुँदै जाने भएकाले वडा केन्द्रमा समेत आवास तथा शहरी विकासका प्रारम्भिक चरणका कामहरु गर्दै जान जरुरी छ। सिस्ने गाउँपालिका भविष्यमा पर्यटनको हब बन्ने संम्भावना बोकेको पालिका भएकाले यहाँका घर तथा बस्तीमा सौन्दर्य झल्किने गरी सबै मापदन्ड पुरा गरेर मात्र सबै संरभना निर्माण गर्न आबस्यक छ।

संचार सहज जीवनयापन तथा सक्रिय अर्थतन्त्रका लागी अनीवार्य साधन हो। दूरसंचार, रेडियो, टेलिभिजनले सूचना शिक्षा र मनोरन्जन प्रदान गरेर मानिसलाई आर्थिक रुपले सक्रिय बनाइरहेका छन। सिस्ने गाउँपालिकाको सबै भुभागमा टेलिकम सिग्नल उपलब्ध छ। स्थानीय जनताले नेपाल टेलिकम वा एन.सि.एल. को दुर संचार सेवा उपभोग गरिरहेका छन्। सबै वडामा ससुल्क इन्टरनेट सेवा उपलब्ध छ। सिस्ने गाउँपालिकामा स्टेशन भएको दुइवटा एफ एम रेडियोले सेवा पुर्याइरहेको छन।

सिस्ने गाउँपालिकाको मात्र तथ्याङ्क केलाउँदा यस पालिकामा वन क्षेत्रले ओगटेको भुभाग ५८.८० प्रतिशत रहेको देखिन्छ । वन, वनस्पति, जैविक विविधता, जडीवट्टी र जलाधार समेट्ने यो क्षेत्र स्थानीय वासिन्दाका लागी जिवन निर्वाहको प्रमुख आधार हो । कृषि, पशपुालन तथा घरेलु तथा साना उद्योगका लागी यो क्षेत्रको योगदान अत्यन्तै महत्वपूर्ण छ । सिस्ने गाउँपालिकाको वन क्षेत्र कृषि, पशुपालन, ईन्धन आपुर्ति दाउरा, काठको आवश्यकता परिपूर्ति, फर्निचर उद्योगको लागी काठ, जडीवुटी सङ्कलन लगायतका आवश्यकता परिपूर्ति र आर्थिक क्रियाकलापका निमित्त स्थानीय वासिन्दाको जीवन आधारको रुपमा रहेको छ । यसलाइ आर्थिक उपार्जनसंग जोडन आबस्यक छ । प्राकृतिक श्रोतको अर्को महत्वपूर्ण पक्ष जलाधार हो । सानी भेरी, उत्तरगङ्गा नदीमा आधारित यस पालिकाको जलाधार क्षेत्र मानव बसोवास र पर्यटनका लागि अत्यन्तै जिवन्त सम्पदाको रुपमा रहेको छ । यस पालिकामा जलाधारको प्रचुरताले जलविद्यतुको पनि राम्रो सम्भावना छ । सिस्ने गाउपालिकाको दिव्यता र मनमोहकताको पृष्ठ भुमिमा यस पालिकाको वन, वनस्पती र जलाधारको प्रचुरुतालाई समृद्ध सिस्नेका गनतव्य पछयाउने सशक्त आधारको रुपमा लिन सकिन्छ ।

सिस्ने गाउपालिकामा पनि जलवायु परिवर्नका असरहरु अनभुव हुन थालेका छन् । वर्षाको समय तालिका अनिश्चित भएको छ । मनसनुको वर्षाको समय छोटिनु तर पानीको मात्रा घट्नु एउटा चरित्र देखिएको छ भने हिउदमा कहिले असाध्यै वर्षा र कहिले असाध्यै सुख्खा अर्को चरित्र देखिएको छ । हिमालमा हिउ कम पर्ने र छिट्टै पग्लने कमलदहको सतह घटदै जाने दृष्यले पनि जलवायु परिवर्नको महससु भै रहेको छ । पानीका महुान सुक्दै जाने समस्या सिस्ने गाउपालिकामा समेत अनभुव हनु थालेको छ । वर्षाको चरित्र फेरिदै गर्दा बाढीपहिरो खडेरी हावाहुरी चट्याङ, आगलागी जस्ता प्राकृतिक विपदहरुको मात्रा वढेको छ। यसवाट जनधनको समेत क्षति हुने गरेको छ ।

**अध्यक्ष महोदय,**

सिस्नेगाउँपालिकाको सम्भावनाहरुलाई मूर्तरुप दिन यस गाउँपालिकाको अर्थतन्त्रमा देखिएका मूलभूत चुनौतिहरु यस प्रकार रहेका छनः

क) स्थानीय तहको शासनको सार्थक कार्यान्वयन

साविक एकात्मक र केन्द्रिकृत राज्य प्रणालीको अभ्यास भइरेहको अवस्थामा संघीयता र स्थानीय तहको सरकार कार्यन्वयनको दोस्रो प्रयोगमा छौं । यस गाउँपालिकाको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्ने तथा पूर्वाधार निर्माणको लागि आवश्यक आन्तरिक स्रोतको व्यवस्था र सन्तुलन गर्ने

ख) आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि युवाहरुलाई स्थानिय माटो र हावापानी सुहाउँदो उत्पादनका कृयाकलापहरु माथि संलग्न गराइ वेरोजगारी कम गर्न सार्वजनिक निजी र सहकारी क्षेत्रको लगानी सहकार्य

बाट उत्पादकत्व र उत्पादन वृद्धि गर्नु । उत्पादित वस्तुको उचित बजार व्यवस्थापनका माध्यम खोजि गरी आन्तरिक तथा बाह्य बजार सुनिश्चित गर्नु

ग) सार्वजनिक निर्माणको गुणस्तरीयता र संरक्षण गर्ने

सार्वजनिक निर्माण कार्यबाट निर्माण भएका संरचनाहरु छोटो समयमा नै जीर्ण र लथालिङ्ग हुन सक्छन् । सार्वजनिक निर्माणको गुणस्तर कमजोर रहेको अवस्थामा यसमा सुधार गरी सार्वजनिक निर्माणको गुणस्तर वृद्धि गर्नुपर्ने र दोहोरो तेहेरो खर्च रोक्नुपर्ने र निर्मित सार्वजनिक सम्पत्तिको उचित उपयोग र संरक्षण कार्य चुनौतिपूर्ण छ । यस कार्यमा हामी जनप्रतिनीधिहरु,सरोकार वालाहरुको भूमिका महत्वपूण देखिन्छ ।

घ) सुशासन अभिवृद्धि

कानूनको परिपालना सेवा प्रवाहमा प्रभावकारिता सुदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउन सक्षम कर्मचारी, असल व्यवसायि र सहयोगी समाजको निर्माण गर्ने ।

**अध्यक्ष महोदय,**

हाम्रा सामु थुप्रै चुनौतीहरु रहेता पनि नयाँ घरको जग बलियो र मजबुद बनाउन आम जनताको उल्लेख्य तत्परता र सहभागिता, मौद्रिक तथा गैर मौद्रिक साधन परिचालन मार्फत समृद्ध सिस्ने निर्माण गर्ने अवसर प्राप्त भएको छ । विद्यमान अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामना गर्ने गरी आर्थिक वर्ष २०८१।८२ को बजेट तयार गरिएको छ । यो बजेटका उद्देश्यहरु यसप्रकार प्रस्तुत गररएको छ ।

- स्थानीय तहको सरकारको प्रभावकारिता अभिवृद्दि गरी जनताको घरदैलोमा सहज र सर्वसुलभ सेवा दिन सहयोग गर्ने
- गाउँपालिकाबाट प्रवाह हुने सेवामा आम जनताको सहज पहुँच स्थापित गर्ने ।
- स्थानीय स्रोत साधनको समुचित परिचालन मार्फत दिगो, समावेशी र आर्थिक वृद्धि हासिल गर्ने ।
- आर्थिक स्थायित्व कायम गर्ने तथा लगानी मैत्री वातावरण निर्माण गर्ने ।
- आर्थिक, सामाजिक विकासका सम्भावनाहरुको खोजी गरी कार्यान्वयनको उपयुक्त व्यवस्था मिलाउने ।

यी उद्देश्यहरु हासिल गर्नको लागि आर्थिक वर्ष २०८१।८२ को बजेटमा प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरिएको छ ।

प्राथमिकता तथा कार्यक्रम

- स्थानीय तहको सरकारको कार्यान्वयन र सेवा प्रवाहमा गुणस्तर,
- खानेपानी र सरसफाई
- स्थानीय सडकको स्तरउन्नती,
- कृषि उत्पादन उत्पादकत्व वृद्धि,
- कृषिको उत्पादन आधुनिकीकरण, व्यावसायीकरण र यान्त्रिकरण

- पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,
- लैंगिक समावेशिकरण, लक्षित समूह विकास कार्यक्रम,
- शिक्षा मा सुधार
- स्वास्थ्यमा सुधार
- जलविद्युत, प्रसारण, वितरण
- सूचना तथा सञ्चार प्रविधिको विकास र गुणस्तर
- सहकारी विकास र व्यवस्थापन
- व्यक्तिको आचरण नैतिकता र बस्तीको आवरणमा सौन्दर्यता
- वन तथा भू–संरक्षण, जलवायु परिर्वतन अनुकूलन,
- विपद्जोखिम न्यनिकरण तथा जल उत्पन्न प्रकोप न्युनिकरण
- संस्थागत विकास तथा शासकीय सुधार।

**अध्यक्ष महोदय,**

अब यिनै चुनौति उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आर्थिक वर्ष २०८१।८२ को बजेट तथा कार्यक्रमहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ।

नेपालको संविधानमा व्यवस्था भए बमोजिम स्थानीय तहको सरकारको कार्यपालिका, व्यवस्थापका र न्यायीक हैसियत प्राप्त गरेको छ। स्थानीय तहले प्रवाह र विकास निर्माणका कार्यहरु आफै सञ्चालन गर्न सक्ने अवस्थाको सिर्जना गर्न नेपाल सरकार र प्रदेश सरकारले अन्तर स्थानीय तह वित्तीय हस्तान्तरण अन्तरगत वित्तीय समानिकरण अनुदान, समपुरक अनुदान, विशेष अनुदान, राजश्व बांडफांड, शशर्त अनुदान प्रदान गरेको छ। संविधानको अनूसूची ८ मा भए बमोजिम विषयगत मन्त्रालयहरु बाट स्थानीय तहबाटै सञ्चालन हुने गरी मार्गदर्शन र स्रोत उपलब्ध गराइएकोमा सोही अनुरुप बजेट विनियोजन भएको छ। विभिन्न अनुदान शिर्षकहरु सहित प्राप्त कार्यक्रमलाई सोहि अनुसार कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था गरिएको छ।

## आर्थिक विकास

## कृषि

परम्परागत कृषि प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दिगो विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउन स्थानीय आवश्यकता र सम्भाव्यता अनुरुप कृषि क्षेत्रको विविधिकरण र व्यवसायीकरण गरि उत्पादन तथा उत्पादकत्व बृद्धिको आधार तयार गरिने छ। कृषि पेशालाई सम्मानजनक पेशाकोरुपमा विकास गरी आय तथा रोजगारी सिर्जना, दिगो र सन्तुलित विकास, खाद्य उत्पादनका क्षेत्र पहिचान गरी ती क्षेत्रमा प्रयाप्त लगानी गरिनेछ। कृषि पकेट क्षेत्र तोक्दा नगदमा आधारित आलु सुन्तला, सिमी, भटमास कागती, लसुन, बाख्रापालन, भेडा पालन, भैसीपालन,

मत्स्यपालन, कुखुरापालन मौरीपालन भागो खेती तथा बिभिन्न जडीबुटी खेतीलाइ लाई विशेष जोड दिने र रैथाने वाली उत्पादनमा विशेष कार्यक्रम सञ्चालनमा ल्याइनेछ । प्रमुख खाद्यान्न, तरकारी, फलफुल तथा नगदेबालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको दिर्घकालनि कृषि रणनीति तथा पन्ध्रौ योजनामा उल्लेखित सुचकहरुलाई टेवा पुग्ने नीतिलाई आत्मसात गर्दै थोपा सिचाई,आकासे पानी संकलन स्प्रीङकल तथा कुलो सिंचाइ मलखाद, उन्नत बीउ विजनको उत्पादन तथा उन्नत वीउको फैलावट गरि खेति प्रणालीमा सुधार गरिनेछ । निजी सहकारी र सार्वजनिक साझेदारीको अवधारणा अनुरुप कृषि क्षेत्रको विविधिकरण र व्यवसायिकरणका लागि कृषि विकास कार्यक्रमहरु सञ्चालन गरिने छ । कृषि तथा पशु बीमा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

आकस्मिक प्रकोपबाट हुने क्षतिबाट प्रभावित कृषकहरुलाई मध्यनजर गदै कृषि बिमा व्यवस्था गरिने छ । भौगोलिक परिवेश, तुलनात्मक लाभ र बाली विशेष अनुसारको कृषि उत्पादन क्षेत्रहरु मार्फत कृषि उपज उत्पादन भण्डारण, प्रशोधन र बजारीकरणका लागि यस गाउँपालिकाका सबै वडाहरुमा कृषि सहकारी, कृषि उपज संकलन केन्द्र, आबस्यकताका आधारमा नमुना कृषि, स्मार्ट कृषि, साझेदारी खेति अवलम्बन गरिने छ
संविधान प्रदत्त खाद्य सम्बन्धी अधिकारलाई सुनिश्चित गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने तथा आधारभूत खाद्य वस्तुको उत्पादनमा आत्मनिर्भरता हासिल गर्न माटो परिक्षण केन्द्र र कृषि ल्याब, नर्सरी उत्पादन, संकलन केन्द्र, शीतघरको प्रबन्ध गरिनेछ । सहुलियत पूर्ण पशुपालन ऋणको व्यवस्था, एक वडा एक उत्पादन प्रर्वद्धन लगायतका कार्यक्रमहरु लागू गरिनेछ र कृषकको उत्पादन खरीद गर्ने ब्यबस्था गरीनेछ । भौगोलिक अवस्था तथा आवश्यकताको आधारमा कृषिमा **५३ लाख ७९ हजार र पशुपञ्छीमा २७ लाख ९७ हजार** बजेट विनियोजन गरिएको छ।

**उद्योग तथा बानिज्य** स्थानिय स्तरमा सम्भाब्यताका आधारमा स साना उद्योगहरु सञ्चालन तथा प्रोत्साहनका लागी **रु ३० लाख ५० हजार**

## पर्यटन

ऐतिहासिक, धार्मिक, साँस्कृतिक,पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान अध्ययन, संरक्षण, प्रर्वद्धन एवं प्रचारप्रसार मार्फत पर्यटन प्रर्वद्धन मा जोड एवं संरचनाहरुको निर्माण तथा संरक्षणमा जोड दिने बजेट बिनियोजनको व्यवस्था गरिएको छ। रुकुमकोट कोटदरबारको डीपीआर तयार गरीने छ साथै यस गाउँपालिकाका महत्वपूर्ण पर्यटकीय क्षेत्रहरु संरक्षण तथा संर्वद्धन साथै प्रचार प्रसार गरी आन्तरिक एवं बाह्य पर्यटकहरुको आकर्षण मार्फत प्रर्वद्धनमा **१९ लाख** बजेट बिनियोजन गरिएको छ ।

## सहकारी

सबै सहकारी संस्थाहरुले स्थानीय सम्भावना अनुसार उत्पादन तथा उद्योगहरुमा एक सहकारी मुख्य चिनारीको अवधारणा अनुसार काम गर्नुपर्ने व्यवस्था गरिनेछ। उत्पादन गरिएका उतपादीत वस्तुहरुको उचित मूल्य प्राप्त गर्न सक्ने गरी मुख्य मुख्य बजारहरुमा सहकारी बजारहरुको विकास गरिनेछ। सहकारी क्षेत्रलाई प्रर्वद्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने नेपालको संविधानमा व्यवस्था भएको राज्यको नीति अनुरुप सहकारी संस्थाहरुको स्तरोउन्नती र प्रर्वद्धनका लागि आवश्यक बजेट रु १२ लाख बिनियोजन गरिए

## सामाजिक विकास

### शिक्षा

निरन्तर शिक्षा, सबैका लागि शिक्षा कार्यक्रमलाई निरन्तरता दिँदै शैक्षिक क्षेत्रको गुणस्तरका लागि समय सापेक्ष गुणस्तर कायम गर्न सूचना तथा सञ्चार प्रविधि पूर्वाधारमा जोड दिइनेछ । सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सबै विद्यालयहरुलाई उत्कृष्ठ र एक वडा एक नमुना विद्यालय निर्माणको लागि आवश्यक भौतिक संरचना डिजीटल पठन पाठन निर्माण, मेशनरी औजार, वालमैत्री, अपांगमैत्री शिक्षालय पुस्तकालय स्थापना, स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन, विद्यार्थि छात्रवृति अनुदान प्रदान प्राबिधीक शिक्षा सञ्चालन भएका बद्यालयहरुमा प्रोत्साहन अनुदान तथा बभिन्न अतिरीक्त कार्यक्रमका लागी शिक्षा तर्फ **रु २४ करोड ६२ लाख ८४ हजार** रकम बजेट विनियोजन गरिएको छ।

### स्वास्थ्य सेवा

कुनै पनि नागरिकले आर्थिक अभावमा आधारभूत स्वास्थ्य उपचारबाट बन्चित हुनुपर्ने अवस्थालाई अन्त्य गर्न सबै गाउँवासीले स्वास्थ्य बिमा गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ । गाउँपालिका भरिका गर्भवती महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा, सबै वडाहरुका स्वास्थ्य चौकीहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न निशुल्क औषधी उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरिएको छ। यस वर्ष छोरी वचतको निरन्तरता, जेष्ठ नागरिक घरदैलो कार्यक्रम तथा समग्र स्वास्थ्य क्षेत्रमा गुणस्तरीयता कायम गर्न आवश्यक बजेट **रु ४ करोड ९३ लाख ८६ हजार** बजेट विनियोजन गरिएको छ।

## सरसफाइ तथा खानेपानी

“सफा र शुद्ध खानेपानी, सरसफाइ गर्ने हाम्रो बानी” स्वच्छ वातावरण निर्माण र शुद्ध खानेपानी व्यवस्थापनका लागि सिस्ने गाउँपालिकाका सबै वडाका जनताहरुमा पिउने पानीको सुविधा सहज रुपमा

पुर्याउन बृहत खानेपानी आयोजना निर्माण पुराना आयोजनाको मर्मत सम्भार गरी नियमित गराउनुका साथै स्वच्छ पिउने पानीका लागि आवश्यक जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ । स्वच्छ खानेपानीमा सबैको पहँ"च अभिवृद्धि गरिनुका साथै सरसफाइमा विशेष ध्यान दिइनेछ।

फोहोर व्यवस्थापनका लागि घरघरमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी संकलन गर्ने कार्य कडाइका साथ कार्यान्वयन गरिनेछ । कुहिने र नकुहिने फोहोर घरमै छुट्याउने घरबेटीलाइ बिषेस प्रोत्साहन गर्ने कार्यक्रमको ब्यबस्था गरिएको छ। यस क्षेत्रको समग्र कार्यक्रमको लागी **रु ६१ लाख ५० हजार** बजेट विनियोजन गरिएको

छ।

भाषा तथा संस्कृती प्रबर्धन

सिस्ने गाउपालीकामा रहेका भाषा तथा संस्कृती प्रबर्धनका लागी रु ९ लाख १५ हजार बिनियोजन गरीएको छ।

## युवा, खेलकूद तथा मनोरञ्जन

खास गरी युवा वर्गमा व्यवसायिकता र उद्यमशीलता विकास गर्न सामाजिक परिचालन सहभागिता र नेतृत्व विकासका साथ साथै खेलकूद र मनोरञ्जन क्षेत्रसँग सम्वन्धित कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ । युवाहरुको सर्वागींन विकासका लागि युवा विकासकेन्द्र लाई परिचालन गरिने छ। खेलकूद क्षेत्रको प्रवद्र्धन गर्न खेलकूद तथा साँस्कृतिक संरक्षण प्रवर्द्धन, मनोरञ्जन विषयका लागि **रु ४८ लाख ५० हजार** रकम बजेट विनियोजन गरिएको छ।

## लैङ्गिक समानता र सामाजिक समावेशिकरण

महिला,बालबालिका,अपाङग,आदिवासी जनजाति, अल्पसंख्यक समुदाय, दलित, ज्येष्ठ नागरिक र विपन्न वर्ग क्षेत्र समुदायको उत्थानको लागि व्यवस्थित योजना र कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ । यसको लागि **रु ५० लाख ८० हजार** बजेट विनियोजन गरिएको छ।

## सूचना तथा सञ्चार

यस क्षेत्रभित्र सबैले सूचना तथा सञ्चारको सहज पहुँच स्थापना गर्न सार्वजनिक संस्थान तथा निजी क्षेत्रको आगमनलाई प्रर्वद्धन गर्ने नीति अनुसार टेलिफोन लाइन तथा इन्टरनेट विस्तारका लागी आवश्यक व्यवस्था गरिनेछ । एफ.एम. रेडियोको प्रबर्धन र सञ्चार सुविधा नपुगेका बस्तीमा सुविधा र पुगेका स्थानहरुको प्रभावकारिताका लागि विशेष योजना थालिने छ। यी विषयहरुमा अध्ययन अनुसन्धान तथा परामर्श तथा स्थानीय संचार माध्यमहरुलाई प्रभाबकारी वनाउन वजेट रु **२९ लाख** बिनियोजन गरीयको छ।

## स्थानीय सडक तथा पुल

अन्तर गाउँपालिका, अन्तर वडा र अन्तर गाउँसम्म सडक सञ्जाल विस्तारका लागि सडक नपुगकोका ठाउँहरु प्वाङ र सिस्नेमा नयाँ ट्र्याक खोलिनेकार्यलाई प्राथमिकता दिइनेछ । सडक यातायातलाई निरन्तर सुचारु गर्न तथा अन्य विकास निर्माण कार्यका लागि स्थानीय श्रम र रोजगारलाइ प्राथमिकता दिइनेछ । वस्तीस्तरबाट माग भई आए बमोजिमका सडक, सडकपुल, झोलुङ्गे पुल र टसब्रिज निर्माण तथा स्तरोन्नतीका  लागि स्थानीय सडक तथा पुल क्षेत्रतर्फ **रु २ करोड २३ लाख ३५ हजार** रुपैया बजेट विनियोजन  गरिएको छ ।

**विद्युत तथा ऊर्जा विकास**

समग्र  ऊर्जा क्षेत्रमा कुल **रु १८ लाख** रकम विनियोजन गरिएको छ ।

**शहरी विकास तथा भवन निर्माण**

गाउँपालिका क्षेत्रभित्रका मुख्य वजारहरुलाई व्यवस्थित र सुविधासम्पन्न गतिशिल सहर निर्माणका लागि बजेट विनियोजन गरीयकोछ । सामाजिक, साँस्कृतिक तथा  ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण बस्तीलाई व्यवस्थित बसोबासयुक्त गतिशिल शहरमा रुपान्तरण  गरिनेछ । गाउँपालिकाभित्र रहेका सबै घरहरुको तथ्याङ्क संकलन तथा अभिलेखीकरण  कार्य तीब्र रुपमा अघि बढाइने र गाउंपालिकाको डीजीटल प्रोफाल निर्माण गरीने छ  । सिस्ने गाउँपालिकामा  व्यवस्थित, वैज्ञानिक, सुरक्षित र हरित गाउँ शहर, सडक निर्माणको लागि योजना बनाई कार्यान्यिन गरिनेछ । समग्र भवन तथा सहरी विकास तर्फ आवश्यक रकम **रु ३ करोड ८२ लाख** बजेट विनियोजनको गरीएको छ ।

**संस्थागत पुर्वाधार निर्माण**  तर्फ  रु १ करोड ११लाख ५० हजार बिनियोजन गरीएको छ।

**सामाजिक सुरक्षा तथा रोजगार तर्फ  १ करोड १६ लाख ३७ हजार**  बिनियोजन गरीएको छ।

**वन तथा वाताबरण विपद् व्यवस्थापन**

वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादनमा वृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ । वन  क्षेत्रको विकास र विस्तारको लागि वैज्ञानिक वन व्यवस्थापन कार्यलाई अगाडि बढाइने छ । सामुदायिक  वन विकास कार्यक्रम, पहिरो गएको र नांगा डाँडाहरुमा वृक्षारोपण, एक घर एक विरुवा अभियान, डालेघाँस रोप्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । जल तथा भूमिको संरक्षण, पानीको मुहानहरुको संरक्षणको लागि प्रत्येक वडामा अभियान सञ्चालनका लागि आवश्यक बजेट विनियोजनको व्यवस्था गरिएको छ ।

मुहान सफा राख्ने, मुहान वरिपरी विरुवा रोप्ने, मुहान संरक्षण गर्ने कार्यलाई  कडाइका साथ लागूगरिनेछ । यस आ व देखि सिस्ने १, २, ४ मा जडिबुटी खेतिको प्रारबभ गरीने छ । बाढी पहिरो भू क्षय र नदी कटान

रोकथाम गर्न विभिन्न निकायसंग सहकार्य गरिने छ। यसका लागी आबश्यक **४० लाख** बजेट विनियोजन गरिएको छ। सबै वडामा विपद्न्युनिकरण समिति गठन गरी विपद् प्रतिकार्यका लागि जनचेतना फैलाउन वडास्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।तत्काल प्रतिकार्य तथा राहतका लागि विपद्जोखिम कोषको स्थापना गरी निश्चित रकम उक्त कोषमा सञ्चित हुने व्यवस्था मिलाइने छ। जल उत्पन्न प्रकोप नियन्त्रणको लागि जोखिमयुक्त स्थानहरुको पहिचान गरी तटबन्धनको व्यवस्था गरिनेछ। यसको लागि बिपद ब्यबस्थनपन तथा प्रकोप ब्बस्थापन कोष खडागरी कार्यन्वयनमा ल्याइयीनेछ।

**संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह**

सार्वजनिक प्रशासनलाई स्वच्छ सक्षम, निष्पक्ष ,पेशागत अनुशासन प्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचार मुक्त, प्रविधि युक्त, जन उत्तरदायी र सहभागिता मूलक बनाउन पदाधिकारी र कर्मचारीहरुलाई समय समयमा ज्ञान, सीप अभिवृद्धि गर्ने खालको क्षमता विकास तालिम अभिमुखिकरण तथा पुनर्ताजगी सम्बन्धी तालिमको व्यवस्था गरिनेछ। संस्थागत क्षमता सुदृढीकरण गरी सेवाप्रबाहलाई प्रभावकारी बनाउन सेवा प्रवाहमा मापदण्ड निर्माण तथा सेवाप्रवाहमा विद्युतीय सूचना प्रविधिको विकासका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। गाउँपालिका कार्यालय र वडा कार्यालयहरुको भौतिक साधन सम्पन्न गराउन आवश्यक रकम विनियोजन गरिएको छ। साथै नगर प्रहरी सन्चालनका लागि **रु २५ लाख** बिनियोजन गरीएको छ। आम नागरिकको सूचनाको हकको प्रत्याभूति दिलाउन तथा सूचना तथा तथ्याङ्क व्यवस्थापनको लागि सूचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ। कार्यालयले गरेका कार्य प्रगतिको प्रकाशन, प्रशारण साथै सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। यसका लागी **रु ९ करोड ८५ लाख** बिनियोजन गरिएको छ।

आर्थिक वर्ष २०८१।८२ को बजेटको विनियोजन स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ। आर्थिक वर्ष २०८१।८२ का लागि रु.५२ करोड १३ हजार रुपैयाँ विनियोजन गरिएको छ। कुल बजेट मध्ये चालु तर्फ रु ३९ करोड १३ लाख २८ हजार गरी कुल बजेटको ७५.२५ प्रतिशत र पुँजीगतर्फ १२ करोड ८६ लाख ८५ हजार रुपैँया गरी कुल बजेटको २४. ७५ प्रतिशत बिनियोजन गरिएको छ।

**विविध**

- गरिबि न्यूनीकरण गर्ने नेपाल सरकार तथा प्रदेश सरकारको निति तथा कार्यविधि बमोजिम सिस्ने गाउँपालिकामा कार्यान्वयन हुने साक्षारता सुधार कार्यक्रम अन्तर्गत कार्यक्रम बनाई लागु गरिनेछ।
- सिस्ने गाउँपालिकाले प्राथामिकतामा राखेर आर्थिक विकास, सामाजिक विकास तथा पूर्वाधार विकासका लागी संघीय सरकार बाट १ करोड र लुम्विनी प्रदेश सरकारबाट प्राप्त हुने ७० लाख समपरुक

अनदुान समेत बजेट व्यवस्था गरिएको छ ।

**अध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८१।८२ का लागि आन्तरिक राजस्व परिचालन नीतिका उद्देश्य निम्नानुसार रहेका छन् ।

• वडा कार्यालय र गाउँ कार्यपालिकाबीच परस्पर सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण भई सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम् राजस्व परिचालनमा जोड दिने र राजस्व चुहावट नियन्त्रण गर्ने ।

• आन्तरिक राजस्व परिचालनमा दिगो वृद्धिदर हासिल गरी स्थानीय वित्त प्रणालीलाई सुदृढ तुल्याउने गरी राजस्व प्रणालीमा सुधार गर्ने ।

• स्वच्छ एवं पारदर्शी कर प्रणाली अवलम्बन गर्दै राजस्व प्रणालीलाई समन्यायिक एवं लगानीमैत्री बनाउने ।

• आन्तरिक राजस्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाउने

• कृषि लगायत अन्य क्षेत्रको उत्पादन र उपादकत्व बढाई निर्यात प्रवद्र्धन गर्ने ।

• हामीले तिरको कर हाम्रै लागि भन्ने नाराका साथ सबै नागरिकमा कर तिर्ने प्रवृत्तिको विकास गर्ने ।

माथि उल्लेखित उद्देश्य हासिल गर्नको लागि देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु अवलम्बन गरिनेछन्

• सार्वजनिक सेवा र राजस्व बीचमा तादाम्यता कायम गर्दै कर नतिर्ने व्यक्ति वा नागरिकलाई कर नतिरेसम्म सावर्जनिक सेवाबाट वन्चित गराउने नीतिको अवलम्बन गरिनेछ ।

• करको दरभन्दा दायरा विस्तारलाई प्राथमिकता दिई करदायरालाई थप फराकिलो बनाउँदै लगिनेछ ।

• राजस्व संकलनको लागि आगामी आ.व. देखि कर अशुली गर्न आन्तरीक जनशक्तिलाइ कर संकलकको रुपमा परिचालन गरी कर अशुलीमा तिव्रता दिइने छ ।

• कर प्रणालीमा प्रक्रियागत सरलीकरणका लागि प्रशासनिक, कानुनी तथा प्राविधिक विषयहरुमा एकरुपता र स्पष्टता हुने गरी सुधारको प्रस्ताव तयार गरी लागु गरिनेछ ।

• करदाताले तिरेको करको जानकारी दिने गरी एकीकृत कार्ड बनाई निजलाई उपलब्ध गराइनेछ र सोही कार्डको आधारमा सेवाप्रवाह र विकास निर्माणका कार्यमा संलग्न हुने व्यवस्था मिलाइनेछ ।

• न्यून बिजकीकरण, चोरी निकासी, पैठारी र अवैध व्यापार रोकथामका लागि विशेष रणनीति अवलम्बन गरिनेछ ।

• करदाता तथा नागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ।यस्तो शिक्षा, सूचना र चेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार निजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघ संस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ ।

• यस पालिकामा सहयोग गर्ने विभिन्न गैरसरकारी संस्थाहरुको बजेट तथा कार्यक्रम पालिकाको रातो

किताबको अनुसुचीमा समावेश गरिनेछ ।
आ ब २०८१।८२ को अनुमानित आयमा संघीय समानीकरण अनुदान तर्फ १० करोड ७३ लाख,
संघीय सरकारको ससर्त अनुदान तर्फ २४ करोड ६५ लाख, १६ हजार
संघिय सरकारको समपुरक अनुदान तर्फ १ करोड ३५ लाख
संघिय सरकारको विशेष अनुदान तर्फ १ करोड,
प्रदेश समानीकरण अनुदान तर्फ रु ७२ लाख ९४ हजार,
प्रदेश सरकारको शसर्त अनुदान तर्फ ७४ लाख ६२ हजार,
प्रदेश सरकारको विशेष अनुदान तर्फ २५ लाख,
संघीय सरकारको राजश्व वाँडफाँड तर्फ ९ करोड ३५ लाख
प्रदेश राजश्व बाडफाड तर्फ ४६ लाख ८२ हजार,
सिस्ने गाउपालिकाको आन्तरीक राजश्व तर्फ १ करोड २१ लाख ११ हजार ५ सय
र गत आ ब को नगद मोजदात ८१ लाख ७४ हजार ५ सय प्राप्त हुने अनुमान सहित कुल जम्मा
**ब्यय ५२ करोड १३ हजार** प्रक्षेपन गरीयको छ ।

**अध्यक्ष महोदय,**
बजेट तर्जुमा तथा बजेट छलफलको क्रममा आ–आफ्नो तर्फबाट महत्वपूर्ण सुझाव पेश गर्ने सम्पूर्ण कार्यपालिका सदस्यहरु, कर्मचारीहरु, वुद्धिजीवि, नागरिक समाज तथा सामुदायिक संघ संस्था सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।
अन्त्यमा समृद्ध सिस्ने गाउँपालिका निर्माणका लागि प्रत्यक्ष÷ अप्रत्यक्ष रुपमा निरन्तर सहयोग, सद्भाव र चासोका साथ उत्प्रेरणा र सहयोग प्रदान गर्नुहुने आम शुभेच्छुक, सिस्नेबासी जनता, करदाता, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । जसरी बजेट तर्जुमा सहयोग र सुझाव प्राप्त भयो त्यसैगरी बजेटको सफल कार्यान्वयनमा पनि सबैको खुला सहयोगको अपेक्षा गर्दछु ।
धन्यबाद

गोपाल रेउले
संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिती